नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

# नेपाल सरकार

# जल तथा ऊर्जा आयोगको सचिवालय

## सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५(३) बमोजिम जल तथा ऊर्जा आयोगको सचिवालयद्वारा सार्वजनिक गरिएको विवरण

(माघ-चैत्र, २०८२)



Scanned with CamScanner

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

१. परिचयः

जल तथा ऊर्जा स्रोतको एकिकृत विकास, व्यवस्थापन एवं ब्यापक उपयोग गर्ने उद्देश्यले वि.सं. २०३२ मा नेपाल सरकारले जल तथा ऊर्जा आयोगको गठन गरी वि.सं. २०३८ देखि स्थायी सचिवालय समेतको स्थापना गरेको हो । मिति २०४९।३।१५ र मिति २०५५।९।२० मा नेपाल सरकारको निर्णय बमोजिम यस आयोग र सचिवालयको संगठनात्मक स्वरुप एवं कार्यक्षेत्रमा गरिएकोमा हाल मिति २०८२/०३/२३ को नेपाल सरकारको निर्णयानुसार साविकको जलस्रोत अनुन्धान तथा विकास केन्द्र समेत यस आयोग मातहत हुने गरि तीन वटा नदी वेसिन कार्यालयहरु रहने गरी आयोगको संगठनात्मक स्वरुप परिमार्जन गरी आयोगलाई देशमा विद्यमान जलस्रोत र ऊर्जाको विकास तथा प्रवर्द्धनको लागि दीर्घकालीन तथा अल्पकालीन नीति/रणनीति निर्माण, आयोजनाहरुको पहिचान/छनोट एवं कार्यान्वियनमा सम्वद्ध सरकारी/गैर सरकारी निकायहरुको साथै दातृ संस्थाहरुसंग समेत समन्वय कायम गरी स्रोतहरुको स्थिति, आवश्यकता तथा प्राथमिकता निर्धारण गर्ने, विभिन्न प्रयोगकर्ताहरुलाई जल तथा ऊर्जा क्षेत्रमा नेपाल सरकारलाई राय सल्लाह उपलब्ध गराउने केन्द्रीय सरकारी निकायको रुपमा स्थापित गरिएको छ ।

२. **जल तथा ऊर्जा आयोगको संरचना**

| | | |
|---|---|---|
| (क) | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री /राज्य मन्त्री | - अध्यक्ष |
| (ख) | सदस्य (जलस्रोत हेर्ने) राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | सचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, शहरी विकास मन्त्रालय | - सदस्य |
| (च) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, खानेपानी मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| (झ) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ञ) | सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | - सदस्य |
| (ट) | सचिव, परराष्ट्र मन्त्रालय | - सदस्य |
| (ट) | सचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (ठ) | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (ड) | गैर सरकारी क्षेत्रबाट ख्याति प्राप्त जलस्रोत तथा उर्जा विशेषज्ञहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनित दुई जना | - सदस्य |
| (ढ) | डीन, त्रिभूवन विश्वविद्यालय, इन्जिनियरिंग अध्ययन संस्थान | - सदस्य |
| (ण) | अध्यक्ष, नेपाल इन्जिनियर्स एशोसियशन | - सदस्य |
| (त) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (थ) | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालयका | - सचिव सदस्य |



Scanned with CamScanner

## ३. आयोगको उद्देश्य:

आयोगको उद्देश्य देहाय बमोजिम हुनेछ:-

क) जल तथा ऊर्जा क्षेत्रको दीर्घकालीन/ आवधिक योजनाहरुमा समावेश गरिने उद्देश्य तथा नीति निर्धारणमा तालुक मन्त्रालयहरुलाई सहयोग पुऱ्याउने।

ख) सिंचाइ, जलविद्युत, खानेपानी, पानीको औद्योगिक उपयोग, बाढी व्यवस्थापन र जलपरिवहन सम्बन्धी वहुउद्देश्यीय (ठूला तथा मझौला मात्र) र ठूला तथा मझौला परियोजना प्रवर्द्धन र विकास एवं यस क्षेत्रको वातावरणीय पक्षको संरक्षण समेतका विषयहरुमा सम्वन्धित निकायहरुलाई राय, परामर्श एवं पथ प्रदर्शन गर्ने।

ग) जलस्रोत तथा ऊर्जा क्षेत्रको नीति तथा रणनीति तर्जुमा गर्ने।

घ) जलस्रोत तथा ऊर्जा सँग सम्वन्धित द्विपक्षीय तथा वहुपक्षीय तथा वहुपक्षीयहरुमा राय सल्लाह तथा परामर्श दिने।


ङ) जलस्रोत तथा ऊर्जासंग सम्वन्धित द्विपक्षीय तथा वहुपक्षीय विषयहरुमा राय सल्लाह तथा परामर्श दिने।



Scanned with CamScanner

४. आयोगको सचिवालयको साविकको संगठन संरचनाः

जल तथा उर्जा आयोगको सचिवालयको प्रस्तावित संगठन संरचना




नोटः माथि उल्लिखित पदको स्वीकृत दरबन्दीमध्ये जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रमा रहने ४ का.स. र ३ ह.स.चा. को लागि सालबसाली बजेट व्यवस्था गरी सेवा करारमार्फत व्यवस्थापन गरिनेछ।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

५. <u>आयोगको काम कर्तव्य र अधिकार</u>

- नेपाल सरकारबाट स्वीकृति हुनु पूर्व वहुउद्देश्यीय, ठूला तथा मझौला जलस्रोत परियोजनाहरुको पुनरावलोकन गर्ने, गराउने र कार्यान्वयनको लागि सिफारिस गर्ने।
- नेपाल सरकारको प्राथमिकता र लक्ष्य अनुरुप जलस्रोत तथा विद्युत विकास सम्बन्धी विविध पक्षहरुको अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा विश्लेषण गरी आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने,गराउने।
- जलस्रोत तथा ऊर्जा विकाससित सम्वन्धित द्विपक्षीय वा वहुपक्षीय आयोजनाहरुको विश्लेपण गर्ने, गराउने र सो सम्वन्धमा नीति तर्जुमा गर्ने तथा त्यस्ता आयोजनाहरुको विस्तृत अध्ययन विश्लेपणको पुनरावलोकन गर्ने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आवश्यक कानून तर्जुमा गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा क्षेत्रका राष्ट्रिय र क्षेत्रगत नीतिहरुमा सामन्जस्य एवं समन्वय गर्ने, गराउने।

६. <u>सचिवालयको काम कर्तव्य र अधिकार</u>

- राष्ट्रिय जलस्रोत विकास परिषद्को सचिवालयको काम गर्ने।
- एकिकृत जलस्रोत विकास सम्बन्धी नीति निर्माणमा एकरुपता एवं समन्वय ल्याउन राष्ट्रिय जल योजना इकाईको रुपमा काम गर्ने। ईकाइको मुख्य कामको रुपमा राष्ट्रिय जलस्रोत रणनीति तर्जुमा, सोको समसमायिक सुधार र कार्यान्वयन समन्वय तथा अनुगमन रहनेछ।
- जलस्रोत तथा ऊर्जाको आवश्यकता (तत्कालीन र भविष्यको समेत)अध्ययन गर्ने, गराउने।
- समन्वयात्मक रुपमा जल तथा ऊर्जास्रोतको सर्वेक्षण र अन्वेषण कार्य गर्ने, गराउने।
- वहुउद्देश्यीय जलस्रोत सम्बन्धी परियोजनाहरुको नीतिगत अध्ययन तथा नदी बेसिनहरुको जलस्रोत सम्बन्धी गुरु योजना अध्ययन कार्य गर्ने, गराउने।
- जलस्रोत क्षेत्रका सम्पूर्ण वहुउद्देश्यीय, ठूला तथा मझौला परियोजना तर्जुमामा समन्वयकर्ताको काम गर्ने। जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी द्विपक्षीय वा वहुपक्षीय रुपमा भइरहेका अन्तर्राष्ट्रिय प्रयास एवं सन्धि सम्झौताहरुको अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आर्थिक, सामाजिक, प्राविधिक एवं वातावरणीय निर्देशिकाहरु तयार गर्ने कार्यमा सहयोग तथा परामर्श उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा आयोजनाहरुको वारेमा अन्य निकायहरुबाट तयार गरिएका प्रतिवेदनहरुको अध्ययन गरी राय, सुझाव दिने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न वातावरणीय, सामाजिक, आर्थिक,लैङ्गिक विपयहरुको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी गराई सोही अनुरुप परियोजनाहरुको परिमार्जन गर्न, गराउन सुझाव दिने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विविध पक्षमा नेपाल सरकारद्वारा निर्देशित अन्य कार्यहरु गर्ने, गराउने।
- जलस्रोत तथा जलविद्युत परियोजनाहरुको वातावरणीय, सामाजिक र आर्थिक प्रभाव मूल्याङ्कन गर्ने, गराउने।
- आयोगका निर्णयहरु कार्यान्वयन एवं दैनिक कार्य सञ्चालन गर्ने।
- आयोगद्वारा गरिएका निर्णयहरु कार्यान्वयनकोलागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने, कार्यान्वयन भए नभएको अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गर्ने।



Scanned with CamScanner

- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी सूचना तथा तथ्याङ्कहरु संकलन, व्यवस्थापन तथा प्रवाह गर्ने। सचिवालयबाट तयार गरिएका अध्ययन प्रतिवेदन एवं संकलित तथ्याङ्कहरु आवश्यकता तथा औचित्यताको आधारमा उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न विषयहरुमा हुने छलफलमा भाग लिन नेपाल सरकारको निकायहरु तथा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्ने।
- वार्षिक कार्य योजना र बजेट तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि पेश गर्ने।
- आयोगको बैठकमा छलफल हुने विषयको कार्यसूची एवं तत्सम्बन्धी विवरण तयार गरी बैठक सञ्चालनको व्यवस्था गर्ने।
- देशको जलस्रोत तथा ऊर्जा स्रोतको संरक्षण, विकास सम्बन्धी विभिन्न लाभदायक र उपयोगी कार्यक्रमहरु तयार गर्ने, गराउने।
- स्वदेश तथा विदेशमा प्रकाशित जलस्रोत तथा ऊर्जा संग सम्वन्धित अध्ययन, प्रतिवेदन पुस्तक, पुस्तिका, जर्नल एवं प्रकाशनहरु संकलन गरी पुस्तकालयको सञ्चालन गर्ने।
- आयोगद्वारा निर्देशित अन्य कामहरु गर्ने, गराउने।

७. सचिवालयका विभिन्न महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

क. जलस्रोत महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरु

१. सम्पूर्ण नदी बेसिन अध्ययन गरी जलस्रोतको परिमाणको सन्तुलनको अध्ययन कार्य जारी राख्ने।
२. नदी बेसिनहरुको अध्ययनहरुसँग सम्वन्धित तथ्याङ्क/सूचना/प्रतिवेदनहरु उपलब्ध गर्ने।
३. डिजाईन निर्देशिका तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।
४. Inter Basin Transfer को संभाव्यता अध्ययन गरी बहुउद्देश्यीय आयोजनाहरुको पहिचान गर्ने।
५. नदीहरुको जलप्रवाहको अनुमान गर्ने प्रक्रियाहरुको विकास गर्ने।
६. नेपाल सरकारबाट सन्चालित मौजुदा तथा सम्पन्न भैसकेका सिंचाइ आयोजनाहरुको शिघ्र मुल्यांकन (Rapid Appraisal) गरी अधिकतम उपलव्धि गराउन सुझावहरु पेश गर्ने।
७. जलस्रोत गुरुयोजनामा सघाउ पुर्‍याउने तथा जलस्रोत क्षेत्रको आवधिक योजनाहरुको मस्यौदा गर्ने।
८. डिजाइन निर्देशिकाहरु तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।
९. महाशाखासँग संबन्धित विषयमा प्रगति विवरण तयार गरी अन्य आवश्यक Document तयार गर्ने।
१०. महाशाखाका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।
११. संकलित तथ्य विवरण, नक्सा, आदिको प्रयोगबाट जलस्रोतको उपयुक्त प्रयोगको लागि बेसिन विकास अध्ययन कार्य चालु राख्ने।
१२. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।



Scanned with CamScanner

ख. ऊर्जा महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. घरेलु, उद्योग, यातायात, कृषि लगायतका क्षेत्रहरुमा ऊर्जा आपूर्ति बारे प्रारम्भिक पूर्वानुमान सम्वन्धी अध्ययन गर्ने र प्रतिवेदनहरु तयार गर्ने।

२. परम्परागत ऊर्जा, व्यापारिक ऊर्जा, तथा वैकल्पिक ऊर्जा स्रोतको बारेमा जनचेतना वृद्धि गर्न र निजी क्षेत्रलाई यसमा आकर्षित तुल्याउन सन्चारको माध्यमबाट प्रचार प्रसार गर्ने, सार्वजनिक प्रदर्शनी गर्ने तथा उपयुक्त तालिम दिने जस्ता कार्यक्रमहरु तयार गर्ने।

३. व्यापारिक ऊर्जा, परम्परागत ऊर्जा तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा कार्यरत अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसित सम्पर्क समन्वय राखी कार्य सन्चालन गर्ने।

४. ऊर्जाको न्यूनतम प्रयोग गर्न र इन्धनको आयात घटाउने बारेमा ऊर्जाको प्रभावकारी मापदण्ड तयार गर्ने तथा न्यूनतम लागतमा अधिकतम ऊर्जा खपत गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने/गराउने।

५. साना जलविद्युत योजनाहरुमा निजि क्षेत्रलाई आकर्षित तुल्याउन मागको प्रारम्भिक अनुमान तयार गर्ने तथा स्थलगत अध्ययन गरी रिपोर्टहरु तयार पार्ने।

६. ऊर्जा विकास गर्ने सन्दर्भमा खानी विभाग र अन्य सरकारी, गैरसरकारी निकायमा सम्पर्क राखी उपयोगी तथ्यांक विवरण संकलन गर्ने।

७. विकासशील र विकासोन्मुख राष्ट्रको ऊर्जाको क्षेत्रमा भएको विकासका गतिविधि र अनुमानबाट ऊर्जा खपतमा पर्न जाने प्रभाव बारे अध्ययन कार्य जारी राख्ने र नेपालको सन्दर्भमा उपयुक्त कार्य नीति अवलम्वन गर्न प्रतिवेदन तयार गर्ने।

८. महाशाखाका अन्तर्गतका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।

९. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

ग. सामाजिक तथा वातावरण महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. जलस्रोत तथा ऊर्जासंग सम्बन्धित विभिन्न परियोजनाहरुको सामाजिक, आर्थिक एवं वातावरणीय पक्षको अध्ययन/अनुसन्धान गरी वातावरणमा प्रतिकुल प्रभाव आउन नदिन उपयुक्त राय/सुझाव सहित प्रतिवेदन तयार गर्ने।

२. जलविद्युत सिंचाइ तथा जल र ऊर्जासित सम्बन्धित विभिन्न योजनाहरुबाट वातावरणीय प्रभाव पार्न नदिन वा न्यूनिकरण गर्न सुझाव सहितको निर्देशिका तयार गर्ने।

३. हिंमताल विष्फोटनबाट उत्पन्न बाढी प्रकोप (GLOF) को कार्यमा समन्वय र सुपरीवेक्षण गर्ने

४. जल तथा ऊर्जासंग सम्बन्धित योजनाको सम्वन्धमा आवश्यक नीति र कार्यक्रम तयार गर्न राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय तथा अन्य सरकारी र गैरसरकारी निकायसित सम्पर्क कायम राखी कार्य गर्ने।

५. जल तथा ऊर्जासंग सम्बन्धित योजना र कार्यक्रमहरुको आर्थिक तथा वित्तीय क्षेत्रको पुनरावलोकन कार्य गर्ने र प्राप्त सामाग्रीको आधारमा उपयुक्त वित्तीय नीति तर्जुमा गर्ने।

६. आयोजनाहरुको (Cost Benefit Analysis )कार्य गर्ने।

७. विभिन्न क्षेत्रगत (Gross Domestic Product) को अध्ययन गर्ने।

८. ऊर्जा आयात, निर्यातको लागत राख्ने, तेलको विश्व मूल्य बारेमा अध्ययन गर्ने र अद्यावधिक विवरण तयार गर्ने।



Scanned with CamScanner

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

९. जलस्रोत र ऊर्जासंग सम्बन्धित महिला कार्यक्रमहरु सन्चालन गर्ने, तथा महिला सहभागितालाई प्रोत्साहन गर्ने।

१०. महिला सहभागिता सम्बन्धी निर्देशिका पुस्तिका तयार गर्ने।

११. वृक्षारोपण कार्यक्रममा सघाउ पुऱ्याउने र यस बारेमा समयानुकूल सुधार ल्याउन आवश्यक अनुसन्धान गर्ने।

१२. महाशाखा अन्तर्गतका भौतिक सधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।

१३. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

घ. कानून तथा प्रशासन महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. जल तथा ऊर्जासंग सम्बन्धित कानूनहरुको व्याख्या सम्बन्धी राय माग भई आएमा सम्बन्धित निकायहरुमा संपर्क गरी शुरु कार्यवाही गर्ने र स्वीकृत वमोजिम निर्णयको जानकारी दिने।

२. मन्त्रालयमा र सचिवालयका अन्य शाखाहरुलाई आवश्यकता अनुसार कानूनी सल्लाह पुऱ्याउन शुरु कारवाही गर्ने।

३. जल तथा ऊर्जा सम्बन्धी ऐन, नियम सम्बन्धमा कायम भइसकेका राय वा ब्याख्याहरुको विवरण लगत अद्यावधिक राख्ने।

४. सर्वोच्च अदालतबाट जल तथा ऊर्जा सम्बन्धमा नजिर कायम हुने निर्णयहरुको लगत अद्यावधिक राख्ने।

५. जल तथा ऊर्जा सम्वन्धी द्विपक्षीय सन्धी, सम्झौताहरुको अध्ययन गरी तत्सम्बन्धमा आवश्यक परामर्श दिने।

५. महाशाखा अन्तर्गतका भौतिक साधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।

६. अधिनस्थ कार्यको कार्यप्रगति विवरण तयार गर्ने।

७. सीमा नदीरुको विविध एवं कानूनी पक्षको कार्यमा अध्ययन गर्ने र आवश्यक राय प्रदान गर्ने।

८. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

८. आयोगले प्रदान गर्ने सेवाः

क. माथी बुँदा नं. ५ र ६ मा उल्लिखित कार्य क्षेत्र/काम कर्तव्य अधिकार अन्तर्गतका कार्यहरु, र

ख. सचिवालयको दैनिक प्रशासन संचालन सम्बन्धी कार्य ।



Scanned with CamScanner

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

९. सचिवालयको महाशाखा र जिम्मेवार अधिकारीः

जल तथा ऊर्जा आयोगको सचिवालय

| सि.न. | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | जल तथा ऊर्जा आयोगको सचिवालय | सचिव श्री दीनानाथ मिश्र | ४२११४२३ |
| २. | जलश्रोत महाशाखा | सह-सचिव श्री टिकाराम बराल | ४२११४१९ |
| | बेसिन योजना शाखा | सि.डि.इ श्री सविना खर्वुजा | ४२११४२० |
| | मोडलिङ तथा निर्णय प्रणाली शाखा | सि.डि.हा. डा. कपिल ज्ञवाली | |
| | भूमिगत जलस्रोत शाखा | सि.डि.हा.जि. श्री अनिल खत्री | |
| | अनुगमन नियमन तथा समन्वय शाखा | सि.डि.इ श्री सविना खर्वुजा<br>इन्जिनियर श्री अनिश प्रधान | |
| ३. | ऊर्जा महाशाखा | सह-सचिव श्री जीवछ मण्डल | ४२११४२८ |
| | ऊर्जा मोडलिङ शाखा | वरिष्ठ ऊर्जा अधिकृत श्री अशोक कुमार चौधरी<br>सि.डि.इ. श्री स्वतन्त्र कुमार कर्ण<br>इन्जिनियर श्री नविन राज चौलागाई | |
| | ऊर्जा दक्षता तथा नवीकरणीय ऊर्जा शाखा | सि.डि.इ. श्री मनीषा महर्जन | |
| | जलविद्युत तथा व्यापारिक ऊर्जा शाखा | सि.डि.इ. श्री सुमन्त कुमार शाह<br>इन्जिनियर श्री प्रविन चौधरी | |
| ४. | सामाजिक तथा वातावरण महाशाखा | सहसचिव श्री मोहन कुमार शाक्य | ४२११४१८ |
| | वातावरण तथा जलवायु परिवर्तन शाखा | सि.डि.इ.जि. श्री श्रीकमल द्विवेदी | |
| | सामाजिक लैङ्गिक तथा आर्थिक विश्लेषण शाखा | वरिष्ठ समाजशास्त्री श्री भोजेन्द्र अर्याल<br>अर्थशास्त्री श्री राज कुमार झा | |
| | जलस्रोत संरक्षण तथा व्यवस्थापन शाखा | सि.डि.इ. जयराम प्रजापति | |
| ५. | कानून तथा प्रशासन महाशाखा | सह-सचिव श्री जीवछ मण्डल | ४२११४२९ |
| | प्रशासन शाखा | शा.अ. श्री सुवेक्षा मल्ल<br>शा.अ. श्री अशोक कुमार आचार्य<br>पुस्तकालय अधिकृत श्री प्रतिक्षा शाक्य<br>ना.सु श्री पुनम पन्त<br>ना.सु सुरेश विष्ट<br>कम्प्यूटर अपरेटर श्री लक्ष्मण प्रसाद पन्त | ४२११४१७ |
| | आर्थिक प्रशासन शाखा | उपसचिव(लेखा) श्री बसन्त राज सिग्देल<br>लेखापाल श्री गिता न्यौपाने पोखेल | ४२११४२२ |



Scanned with CamScanner

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर

जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र

| सि.न. | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र | कार्यकारी निर्देशक श्री संजीव बराल | ५४३५४०७ |
| २. | जलस्रोत प्रविधि तथा मापदण्ड विकास शाखा | इन्जिनियर श्री सुसन श्रेष्ठ<br>इन्जिनियर श्री संरक्षण थापा | |
| ३. | जनशक्ति विकास तथा जलस्रोत अनुसन्धान शाखा | सि.डि.इ. श्री रवि शाक्य<br>पुस्तकालय अधिकृत श्री महेश खनाल | |
| ४. | जलवायू विपद् तथा प्रयोगशाला शाखा | सि.डि.इ.जि. डा. अनन्तमान सिंह प्रधान<br>हाइड्रोजियोलोजिष्ट श्री सन्तोष सिलवाल<br>हाइड्रोजियोलोजिष्ट श्री बलराम उपाध्याय | |
| ५. | प्रशासन शाखा | कम्प्यूटर अपरेटर श्री कुशल आचार्य<br>नायब सुब्बा श्री कमला पौडेल | |
| ६. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री ईशा बुढाथोकी | |

**१०. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तुर लाग्दैन।

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

- सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिमको र
- अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिमको अवधि।

**११. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**क. निर्णय प्रक्रिया सम्बन्धमाः**

१. आयोगले उपलब्ध गराउने सेवा सम्वन्धमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्वन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

**ख. निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

१. सचिवालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्य सम्वन्धमाः



Scanned with CamScanner

- मन्त्री परिषद्मा प्रस्ताव पठाएर।
- माननीय ऊर्जा मन्त्रीस्तरबाट।
- जल तथा ऊर्जा आयोगको सचिवस्तरबाट
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन नियमले सचिवले गर्ने भनी तोकेका कामहरु सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको पदाधिकारीहरुले।

१२. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

क. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा सचिवालयका सचिव।

१३. आयोगको सचिवालयले गरेका केही महत्वपूर्ण कार्यहरु

१. राष्ट्रिय जलस्रोत रणनीति, २००२ र सो अनुसारको राष्ट्रिय जल योजना, २००५

२. हिमताल तथा त्यसको विष्फोटनबाट उत्पन्न बाढीको प्रभाव (सन् १९८५ देखि १९९५ सम्म, तर हाल पनि केही काम भइरहेको),

- नेपालको हिमालय क्षेत्रमा भएका विभिन्न हिम नदी तथा हिमतालहरुको सर्वेक्षण, अनुसन्धान तथा अनुगमन गरिएको, ८ हिमतालको प्रारम्भिक अध्ययन र च्छो रोल्पाको विस्तृत अध्ययन,

३. जलउपयोग सूची (१९९०-२०००),

- नेपालका ७५ जिल्लाको विभिन्न क्षेत्रमा गरिएको जल उपयोगको सूची तयार गरिएको (तीन दशक अघि, अद्यावधिक गर्नु पर्ने),

४. ऊर्जा खपत तथा आपूर्तिको अध्ययन एवं दीर्घकालीन प्रक्षेपण अध्ययन प्रतिवेदन

५. जल तथा ऊर्जाको दीर्घकालीन भिजन तर्जुमा कार्य आदि

६. विद्युत माग प्रक्षेपण (२०१५-२०४०)

७. राष्ट्रिय जलस्रोत निती २०७७

८. नदी वेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना, २०८१

९. सिँचाइ तथा नदी व्यवस्थापन गर्न वनेको विद्येयक, २०८२ मस्यौदा परिमार्जन

जल तथा उर्जा आयोगको सचिवालय
नेपाल सरकार
पुल्चोक, ललितपुर

१४. आयोगको सचिवालयवाट यस आ.व. २०८२/०८३ मा सम्पन्न भएका कार्यक्रमहरु

जलस्रोत महाशाखा:

| क.स. | कार्यक्रम / कियाकलाप | खर्च शीर्षक | इकाई | यस आ.व.को हाल सम्मको प्रगति |
|---|---|---|---|---|
| जल तथा उर्जा आयोगको सचिवालय बजेट उपशीर्षक नं : ३०८२१०१२ | | | | |
| ११.५.३४.३ | काठमान्डौ विश्वविद्यालयसँग MOU/LoA गरी हिमनदी सम्वन्धि अध्ययन अनुसन्धान गर्ने | ३११३५ | वटा | आगामी वर्षमा विश्वविद्यालयसँग जलस्रोत क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा छलफल भैरहेको |
| ११.५.३८.१५० | नेपालका नदीहरुको बर्गिकरण गरी सुची तयार गर्ने, | ३११३५ | वटा | सम्झौताको क्रममा रहेको |
| ११.५.४०.२७१ | बाढी, खडेरी र जलवायु विश्लेषण सम्वन्धि अध्ययन कार्य | ३११३५ | प्र.श. | कार्य सम्पन्न भइसकेको |
| ११.५.४०.२७२ | काठमान्डौ उपत्यकामा पानीमा मागमा आधारित बहु जलस्रोतहरुको अधिकतम उपयोगको लागि मोडेलको विकास कार्य | ३११३५ | प्र.श. | कार्य सम्पन्न भइसकेको |
| ११.५.४०.२८४ | हरित जलवायु कोष लाई नदि वेसिन योजना कार्यान्वयनमा क्षमता अभिवृद्धि गर्नका लागि प्रस्तावको तयारी गर्ने कार्य | ३११३५ | प्र.श. | अध्ययन सम्बन्धमा अन्तरिक गृहकार्य भैरहेको |
| ११.६.१६.१४२ | जल शुशाशनमा GEDSI आयामको अध्ययन गर्ने | ३११३५ | वटा | प्रारम्भिक प्रतिवेदन प्राप्त |
| ११.५.४०.३५७ | जलस्रोत सँग सम्वन्धित राष्ट्रिय/अन्तराष्ट्रिय सभा सम्मेलन, सेमिनार मा भाग लिन जान | ३११२२ | संख्या | हालसम्म राष्ट्रिय/अन्तराष्ट्रिय सेमिनारमा भाग नलिएको अवस्था |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११.५.३८.१५६ | जलस्रोतको गुणस्तर जाँच गर्ने | ३११३५ | संख्या | सम्झौताको क्रममा रहेको |
| ११.५.४०.२८८ | नेपालको जलविद्युतको प्रणालीहरुमा जलउत्पन्न प्रकोपको जोखिमको वारेमा अध्ययन कार्य। | ३११३५ | प्र.श. | कार्य सम्पन्न भइसकेको |
| ११.६.१६.१२६ | बाँधको सुरक्षा सम्बन्धमा आवश्यक मापदण्ड, निर्देशिका, मार्गदर्शन तयार गर्ने | ३११३५ | वटा | कार्यसूची तयार भएको |
| ११.६.१६.१४१ | जलविद्युत विकास गुरुयोजना एवं माग र बजारको विश्लेषण गरी चरणबद्ध रुपमा विकास गर्नुपर्ने आयोजनाको प्राथमिकता सहितको सूची तयार गर्ने । | ३११३५ | वटा | नदी वेसिन योजना र जलविद्युतविकास गुरुयोजना प्रतिवेदनमा प्राथमिकता सुची समावेश भएको |
| ११.५.४०.३०१ | जल पथान्तरण जलस्रोत आयोजनाहरुको लाँभ/उपलब्धी बाडँफाडँ सम्बन्धमा कार्यविधि तयार गर्ने कार्य। | ३११३५ | प्र.श. | अध्ययन सम्बन्धमा अन्तरिक गृहकार्य भैरहेको |
| ११.६.१६.१४४ | अन्तरप्रदेशीय तथा सीमावर्ती नदीहरुमा जलस्रोतको समतामूलक बाँडफाँड र व्यवस्थापनको लागि संयन्त्र/ढाँचाको अध्ययन | ३११३५ | वटा | अध्ययन सम्बन्धमा अन्तरिक गृहकार्य भैरहेको |
| ११.३.१७.२१ | जलस्रोत सम्वन्धि सूचना तथा तथ्यांक प्रणालीको स्थापना एवम व्यवस्थापनका लागि सर्भर, यु.पी.एस., आदी खरिद तथा जडान | ३११२२ | वटा | उपयुक्त सर्भर सम्वन्धि अन्तरिक assessment भरहेको |
| ११.५.३४.२ | जलस्रोतको विकास र व्यवस्थापन, लाभको न्यायोचित बाँडफाँट, जल सुरक्षा जस्ता विषयमा विश्वविद्यालय वा अध्ययन संस्था मार्फत् शोध, अध्ययन गर्ने/गराउने | ३११३५ | वटा | आगामी वर्षमा विश्वविद्यालयसँग जलस्रोत क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा छलफल भैरहेको |

| | | | | |
|---|---|---|---|---|
| ११.५.३८.१४९ | नदी तथा खोलाको सिमा क्षेत्र निर्धारणको आधार तयार गर्ने | ३११३५ | वटा | नदी वर्गिकरण भए पश्चात कार्य सुरु हुने |
| ११.५.३८.१५३ | Guidelines for Design and Construction of River Training Works | ३११३५ | वटा | उपलब्ध Guidelines , manual हरुको अध्ययन भैरहेको |
| | जम्मा | | | |
| कार्यक्रम / आयोजनाको नाम : नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना बजेट उपशीर्षक नं : ३०८२१०१३ | | | | |
| ११.५.४०.८ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा एवं रणनैतिक वातावारणीय तथा सामाजिक मुल्यांकन अध्यायन कार्य | ३११३५ | प्र.श. | अध्ययन सम्वन्धमा छलफल भैरहेको |
| ११.५.४०.३२७ | नदि बेसिन योजनाको कार्यन्वयन सम्वन्धमा सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम | ३११३५ | पटक | सम्पन्न भैसकेको |
| ११.६.१६.१२७ | जलस्रोतको उपलाब्धता, आपूर्ति, माग, पहुँच र उपयोग सम्बन्धि वर्तमान अवस्थाको अध्ययन गरी जलस्रोतको लगत राख्ने निर्देशिका तयार गर्ने | ३११३५ | वटा | प्रारम्भिक प्रतिवेदन प्राप्त |
| ११.५.४०.३१५ | थिग्रेनि व्यवस्थापन योजना तयारी कार्य। | ३११३५ | प्र.श. | सम्झौताको क्रममा रहेको |
| ११.५.४०.३३६ | MIKE SHE and MIKE Hydro BASIN मोडेलको तालिम | ३११३५ | वटा | तालिम सुरुहुने प्रकयामा रहेको |
| ११.६.१६.१०८ | Decision Support System (DSS)को अपग्रेड तथा संचालन | ३११३५ | पटक | अध्ययन भैरहेको |
| ११.६.१६.१०९ | माइक सफ्टवेयरको लाइसेन्स (License)अपडेट तथ अपग्रेड गर्ने। | ३११३५ | पटक | खरिद बिधि सम्बन्धि छलफल भइ रहेको |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११.६.१६.१२८ | जलस्रोतको परीक्षण (वाटर अडिट) को निर्देशिका तयार गर्ने | ३११३५ | वटा | प्रारम्भिक प्रतिवेदन प्राप्त |
| ११.६.१६.१२९ | महाकाली बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | स्रोत सहमतिको लागि राष्ट्रिय योजना आयोग पठाईएकोमा स्रोत सहमतिको प्राप्त हुन नसकेकोले कार्य हुन नसकेको |
| ११.६.१६.१३० | कर्णाली नदी बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | |
| ११.६.१६.१३१ | गण्डकी नदी बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | |
| ११.६.१६.१३३ | कोशी नदी बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | |
| ११.६.१६.१३७ | पश्चिम रासि, बबई, बागमती, कमला, कन्काई र मेची नदी बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | |
| ११.६.१६.१३८ | दक्षिणी ब्लकका नदीहरुको बेसिन/उप-बेसिनहरुमा जलस्रोतको लगत राख्ने | ३११३५ | वटा | |
| ११.६.१६.१४३ | पश्चिम राप्ती/बबई नदी बेसिन योजनाको कार्यान्वयन योजना तयार गर्ने | ३११३५ | वटा | |

<u>ऊर्जा महाशाखाः</u>

| क.स. | कार्यक्रम क.स. | कार्यक्रमको नाम | तृतीय चौमासिक प्रगति विवरण |
|---|---|---|---|
| १. | ११.५.४०.२१४ | विद्युत आयोजनाको निर्माण र संचालनको क्रममा देखिएको समस्या/ जोखिमहरूको समाधान तथा व्यवस्थापनका लागि अवलम्बन गरिएका उपाय र सिकाई अद्यावधिक गर्ने | त्रिशुली, चमेलिया-भेरी, तामाकोशी बेसिनमा अवस्थित नौवटा जलविद्युत आयोजनाहरूको स्थलगत अध्ययन गरिएको। साथै, जलविद्युत आयोजनाका प्रतिनिधिहरूसँग आयोजना निर्माण तथा सञ्चालनमा |

| | | | |
|---|---|---|---|
| | | | देखिएका समस्याहरू, चुनौती तथा जोखिमहरू सम्बन्धमा छलफल गरिएको। |
| २. | ११.५.४०.३३८ | उर्जा परीक्षण निर्देशिकाको प्रचार प्रसार एवं वितरण कार्य (कोशी र सुदुरपश्चिम प्रदेश) | परामर्शदातासँग सम्झौता भई ऊर्जा परीक्षण निर्देशिका प्रचार प्रसारका लागि तयारी भएको। |
| ३. | ११.५.४०.३५२ | आ.व. 2081-82 को उर्जा सर्वेक्षण सारंश प्रतिवेदन तयारी सम्बन्धी अध्ययन कार्य | परामर्शदातासँग सम्झौता भई ऊर्जा सर्वेक्षण सारंशको प्रारम्भिक प्रतिवेदन (Inception Report) प्राप्त भएको। |
| ४. | ११.५.४०.२२६ | ऊर्जा क्षेत्रको क्षमता अभिवृद्धि तालिम | Financial Analysis of Power Projects using IAEA's FINPLAN Model विषयक तालिम कार्यक्रम सञ्चालन गर्न Terms of Reference तथा लागत अनुमान तयार गरिएको। |
| ५. | ११.५.४०.३५४ | Impact of Climate Change on Energy Sector | Terms of Reference तथा लागत अनुमान तयार गरिएको। |
| ६. | ११.६.१६.१६९ | Preparation on Strategic Road Map and safety protocol for Hydrogen fuel utilization | Terms of Reference तथा लागत अनुमान तयार गरिएको। |

<u>सामाजिक तथा वातावरण महाशाखाः</u>

| क्र.स. | कार्यक्रम क्र.स. | कार्यक्रमको नाम | तेस्रो चौमासिक प्रगति विवरण |
|---|---|---|---|
| १. | ११.५.४०.३४० | पुस्तकालयका प्रतिवेदनहरु डिजिटाईजेसन गर्ने। | डिजिटाईजेसनको कार्य भई अन्तिम चरणमा रहेको। |
| २. | ११.५.४०.३४६ | पानीलगायतका सबै स्रोत साधनहरुको व्यवस्थापन तथा उचित प्रयोग र राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिको विपलेशन गर्दै प्रतिस्पर्द्धि कृपी उत्पादन र उत्पादकत्व सम्वन्धि अध्ययन। | अनुसन्धानको कार्य भएकोले जलस्रोत तथा उर्जा अनुसन्धान केन्द्रबाट गर्नु उपुक्त देखी अगाडि नबढाएको । |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३. | ११.५.४०.३४७ | नेपालमा भूमिगत जलस्रोतको अवस्था, परिमाण र गुणस्तर सम्बन्धि अध्ययन कार्य। | यस प्रकारको अध्ययन कार्य जलस्रोत तथा उर्जा अनुसन्धान केन्द्रबाट भईरहेकोले अगाडि नबढाएको । |
| ४. | ११.५.४०.३४८ | कालि गण्डकी नदि बेसिनमा पहिचान भएका जलस्रोत सम्वन्धि आयोजनाबाट धार्मिक, सांस्कृतिक सामाजिक आर्थिक वातावरणिय क्षेत्रमा पर्ने प्रभावको अध्ययन कार्य। | आयोजनागत अध्ययनबाट यस प्रकारको अध्ययन भईसकेको र समस्त बेसिनको अध्ययन River Basin Plan मा भईसकेकोले अगाडि नबढाएको । |
| ५. | ११.५.४०.३४९ | जलविद्युत सिंचाइ तथा जल र ऊर्जासित सम्बन्धित विभिन्न योजनाहरुबाट वातावरणीय प्रभाव पार्न नदिन वा न्यूनिकरण गर्न सुझाव सहितको निर्देशिका तयार गर्ने। | TOR तथा Estimate तयार भएको। |
| ६. | ११.५.४०.३५० | जलस्रोत विकास आयोजनाहरुसँग सम्बन्धित सामाजिक जोखिम र फाइदाहरुको पहिचान र विश्लेषण सम्वन्धि अध्ययन। | TOR तथा Estimate तयारी को कार्य भईरहेको। |
| ७. | ११.५.४०.३५१ | जलस्रोत व्यवस्थापन योजनाहरुमा जलवायु परिवर्तन सम्वन्धि असर बारे अनुकूलन रणनीतिहरुको विकास सम्वन्धी अध्ययन। | TOR तथा Estimate तयारीको कार्य भईरहेको। |

<u>जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र:</u>

जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रबाट यस आ. व. २०८२/८३ को २०८२ साउनदेखि २०८२ चैत्र मसान्त सम्ममा सम्पादन भएका मुख्य मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

क) नमुना योजना निर्माण कार्य अन्तर्गत रानीसवारा सोलार लिफ्ट, नुवाकोटको कार्य भइरहेको,

ख) Smart Irrigation Project, Dhading को O & M र Scheduling को कार्य भईरहेको,

ग) Maharani Jhoda smart ISP – Jhapa को निर्माण कार्य भइरहेको,

घ) Investigation Deep Tubewell अन्तर्गत तेमाल, काभ्रे र पाखिबास, धनकुटाको कार्य सम्पन्न भएको,

ङ) Impact study on encroachment in command area of irrigation project (Bagmati, Manusmara and Jhanja Irrigation Project) को अध्ययन तथा अनुसन्धान कार्य भइरहेको,

च) Spring Inventory अन्तर्गत भानु न.पा., तनहुँको कार्यसम्पन्न भएको, भिमसेन थापा गा.पा., गोरखा र चौतारा साँगाचोक गढि, सिन्धुपाल्चोकको कार्य भइरहेको,

छ) Geographic object-based image analysis for landslide identification using machine learning in the eastern area of Nepal कार्य सम्पन्न भएको।

ज) Identification of River terrace deposit in west Rapti River Basin & Arun River Basin को कार्य भइरहेको,

झ) Feasibility Study/Research of Shrouding Booster Technology for Small-Scale Irrigation Systems in Nepal को अध्ययन तथा अनुसन्धान कार्य भइरहेको,

ञ) Impact Study and Further Recommendation for Improvement of Water Resources Project,Foxingkot Lift Irrigation Project (Palpa District) को कार्य भइरहेको,

ट) Comprehensive Study and Assessment of Defunct Irrigation Projects in Bhaktapur District for Rehabilitation and Sustainable Management को कार्य भइरहेको,

ठ) Detailed Feasibility Study of Innovative River Training Work (suitable for larger rivers) in Narayani River and East Rapti River को कार्य भइरहेको,

ड) Preparation of Detail Feasibility Study Report of Smart Irrigation Project, Chitwan को कार्य भइरहेको,

ढ) Detailed Feasibility Study of Model Project (HyPump, Rampump and Others) को कार्य भइरहेको।

| |
|---|
| यी वाहेक जलस्रोत तथा ऊर्जा क्षेत्रका विषयमा आवश्यक अध्ययन, अनुसन्धान, राय परामर्श उपलव्ध गराउने एवं सरकारी तथा गैह सरकारी संघ संसथाहरु संगको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि तथा अन्य जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने कार्यहरु। |



Scanned with CamScanner

१५. लेखा शाखाको खर्चको फाँटवारी (२०८२ चैत्र मसान्तसम्म)

| व.उ.शि.नं. | कार्यक्रम | विनियोजित वजेट | वैशाख महिना सम्मको खर्च | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| 308210123 | जल तथा उर्जा आयोगको सचिवालय (चालु) | ४९६५४००० | २७३९६१८०.३५ | ५५.१७ | |
| ३०८२१०१२४ | जल तथा उर्जा आयोगको(पुँजीगत ) | १०६१००००० | ६१८८२६२.४३ | ५.८३ | |
| ३०८२१०१३३ | नदि बासिन योजना तथा जलविधुत गुरुयोजना (चालु ) | २३६०००० | १९६०९९ | ८.३१ | |
| ३०८२१०१३४ | नदि बासिन योजना तथा जलविधुत गुरुयोजना (पुँजीगत ) | ५९७४३००० | १६७४३९२ | २.८ | |



Scanned with CamScanner

जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रबाट २०८२ साउनदेखि २०८२ चैतमसान्त सम्मको खर्च निम्नानुसार रहेको छः

| जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र | विनियोजित बजेट (रू लाखमा) | खर्च (रू लाखमा) | वित्तिय प्रगति (वार्षिक) |
|---|---|---|---|
| पुंजीगत | ९३३.०० | १८०.६३ | |
| चालु | २१८.३५ | १४४.५६ | |
| जम्मा | ११५१.३५ | ३२५.१९ | २८.२४% |

१६. आयोगसँग संलग्न संघ/संस्थाहरुको विवरणः
यस सचिवालयको सचिवालयले निम्नानुसारका संघ संस्थाहरुसँग पनि संलग्न रही कार्य गरिरहेको छः

(१) International Commission on Large Dam (ICOLD)
(२) World Energy Council (WEC), सदस्यको रुपमा रहेको।
(३) Nepal Water Partnership: Global Water Partnership को नेपाल इकाई सदस्यको रुपमा कार्यरत
(४) World Bank
(५) Asian Development Bank (ADB)
(६) Network of Asian River Basin Organizations (NARBO)
(७) Water Environment Partnership in Asia (WEPA)
(८) The Common wealth Scientific Industrial Research Organization (CSIRO)
(९) Program for Aquatic Natural Resources Improvement (PANI)
(१०) International Centre of Excellence in Water Resources Management (ICEWaRM)

१७. कार्यालय प्रमुख र सूचना अधिकारीको नामः
प्रमुखः सचिव, श्री दीनानाथ मिश्र
सूचना अधिकारी - शाखा अधिकृत श्री अशोक कुमार आचार्य
मोवाइल नं. ९८४९७४१८९८

१८. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः
www.wecs.gov.np

१९. इमेलः wecs@mos.com.np



Scanned with CamScanner

सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः हालसम्म लिखित निवेदन प्राप्त भएको छैन। केही इमेल र टेलिफोनबाट सूचना माग भए बमोजिम सूचना प्रदान गरिदै आइएको छ।

२०. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः
आयोगको वेवसाइट तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्ने गरिएको छ।



Scanned with CamScanner